# देवघाट गाउँपालिका
# गाउँ सभा
# पन्धौं अधिवेशन

**वैठक संख्या:** पहिलो | मिति २०८१/०९/२२ गते

**अध्यक्षता:** गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री तिल बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री भुवन सिं गुरुङ | गा.पा. उपाध्यक्ष |
| ३) | श्री मनि राज गुरुङ | गाउँ सभा सदस्य (१ नं. वडाध्यक्ष) |
| ४) | श्री मीन बहादुर राना मगर | गाउँ सभा सदस्य (२ नं. वडाध्यक्ष) |
| ५) | श्री टेक बहादुर आले | गाउँ सभा सदस्य (३ नं. वडाध्यक्ष) |
| ६) | श्री मित्र लाल गुरुङ | गाउँ सभा सदस्य (४ नं. वडाध्यक्ष) |
| ७) | श्री पूर्ण बहादुर कुँवर | गाउँ सभा सदस्य (५ नं. वडाध्यक्ष, |
| ८) | श्री हुम माया खान | गाउँ सभा सदस्य |
| ९) | श्री बाल कुमारी परियार | गाउँ सभा सदस्य |
| १०) | श्री यम माया गुरुङ | गाउँ सभा सदस्य |
| ११) | श्री मन माया वि.क. | गाउँ सभा सदस्य |
| १२) | श्री गंगा सिं वि.क. | गाउँ सभा सदस्य |
| १३) | श्री बाबुराम परियार | गाउँ सभा सदस्य |

| | |
|---|---|
| १४) श्री सुन्दर भुजेल | गाउँ सभा सदस्य |
| १५) श्री बेल बहादुर गुरुङ | गाउँ सभा सदस्य |
| १६) श्री मन माया गुरुङ | गाउँ सभा सदस्य |
| १७) श्री नानु माया वि.क. | गाउँ सभा सदस्य |
| १८) श्री पोल बहादुर आले | गाउँ सभा सदस्य |
| १९) श्री यम बहादुर मगर | गाउँ सभा सदस्य |
| २०) श्री नर बहादुर मगर | गाउँ सभा सदस्य |
| २१) श्री दुर्गा बहादुर गुरुङ | गाउँ सभा सदस्य |
| २२) श्री शुक बहादुर थापा मगर | गाउँ सभा सदस्य |
| २३) श्री बुद्धिमान भुजेल | गाउँ सभा सदस्य |
| २४) श्री पुनु माया गुरुङ | गाउँ सभा सदस्य |
| २५) श्री सपना सुनार | गाउँ सभा सदस्य |
| २६) श्री याम बहादुर मगर | गाउँ सभा सदस्य |
| २७) श्री बुद्धि बहादुर पाण्डे | गाउँ सभा सदस्य |
| २८) श्री कमला गुरुङ | गाउँ सभा सदस्य |
| २९) श्री सरस्वती परियार | गाउँ सभा सदस्य |
| ३०) श्री दिनेश सारु | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

# देवघाट गाउँपालिका

## गाउँ सभा १५ औँ अधिवेशन

**पहिलो बैठक** मितिः २०८१/०९/२२

<u>कार्यसूची</u>

१. गाउँ सभाको १५ औं अधिवेशन आव्हान गरिएको पत्र सम्बन्धमा ।

२. शुभकामना मन्तव्य सम्बन्धमा ।

३. समसामयिक विषयमा छलफल (शुन्य समय) सम्बन्धमा ।

४.आर्थिक ऐन (पहिलो संशोधन विधेयक २०८१)पेश सम्बन्धमा ।

५.विनियोजन ऐन( पहिलो संशोधन २०८१) पेश सम्बन्धमा ।

६. प्रशासनिक निर्णय अनुमोदन तथा स्वीकृत सम्बन्धमा ।

७. आ.व. २०८१/०८२ को वजेट तथा कार्यक्रम संशोधन रकमान्तर तथा स्रोतान्तर सम्बन्धमा

८. न्यायिक समितिको प्रतिवेदन पेश सम्बन्धमा ।

९. सार्वजनिक लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।

१०.अधिवेशन अन्त्य सम्बन्धमा ।

<u>निर्णयहरुः</u>

निर्णय नं १: कार्यसूची नं १ को सन्दर्भमा देवघाट गाउँपालिका गाउँसभाको १५ औ अधविशन मिति २०८१।०९।२२ गते आव्हान गरिएको पत्र सभाध्यक्ष ज्यूले सभाका सदस्यहरु ज्यू समक्ष बाचन गरेर जानकारी गराई सभाको कार्यलाई नियमित प्रकृयामा अगाडी बढाइयो।

निर्णय नं २: कार्यसूची नं २ को सन्दर्भमा गाउँ सभा सदस्य एवं देवघाट गाउँपालिकाका प्रवक्ता श्री पूर्ण बहादुर कुँवर तथा सभा सदस्य एवं वडा नं ४ का वडा अध्यक्ष श्री मित्रलाल गुरुङले गाउँसभाको १५ औ अधविशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

निर्णय नं ३: कार्यसूची नं ३ को सन्दर्भमा सभाध्यक्ष ज्यूबाट समय उपलब्ध भई अनुमति प्राप्त सभाका सदस्य ज्यूहरुले समसामयिक विषयहरुमा कुरा राख्नुभएकोमा सभाध्यक्ष ज्यूबाट ति विषयहरु प्रति ध्यानकर्षित रहदै सकारात्मक सुझाव, विकास र सेवाका लागि सबैजना परस्परमा सहकार्यका साथ लाग्नु पर्ने भनि सम्पूर्ण सदस्यलाइ जानकारी गराउने कार्य गरियो ।

निर्णय नं ४: कार्यसूची नं ४ को सन्दर्भमा यस देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०८१ (प्रथम संशोधन विधेयक २०८१) गाउँपालिकाका उपाध्यक्ष श्री भुवन सिं गुरुङ द्वारा सभा समक्ष पेश गरिएकोमा उक्त संशोधन विधेयक सभाद्धारा सर्वसम्मतले पारित तथा स्विकृत गर्ने निर्णय गरियो। (अनुसूची १)

तिल बहादुर थापा
अध्यक्ष

निर्णय नं ५: कार्यसूची नं ५ को सन्दर्भमा यस देवघाट गाउँपालिकाको विनियोजन ऐन, २०८१ (प्रथम संशोधन विधेयक २०८१) गाउँपालिकाका उपाध्यक्ष श्री भुवन सिं गुरुङ द्वारा सभा समक्ष पेश गरिएकोमा उक्त संशोधन विधेयक सभाद्धारा सर्वसम्मतले पारित तथा स्विकृत गर्ने निर्णय गरियो। (अनुसूची २)

निर्णय नं ६: कार्यसूची नं ६ को सन्दर्भमा निम्न बमोजिमको प्रशासनिक निर्णय अनुमोदन तथा स्वीकृत गर्ने निर्णय गरियोः-

क. यस देवघाट गाउँपालिका गाउँकार्यपालिकाको चालू आ.व.मा गरेका कार्यपालिकाको सम्पूर्ण निर्णयहरु अनुमोदन गर्दै गाउँ कार्यपालिकाले गरेका खर्च, सहायतता प्रदान तथा वितरण गरेका जिन्सी, विपद व्यवस्थापन सम्बन्धी सम्पूर्णको खर्च व्यवस्थापन लगायतका कार्यहरु सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो।

ख. यस देवघाट गाउँपालिकाको आयोजना Construction Of Devghat Rural Municipality Office Building Devghat Tanahun आयोजना (ठेक्का ने. NCB/DRM/BLDG/15/2076/077) को खरिद कार्य गर्नको लागि ठेक्का बन्दोबस्त मार्फत निर्माण व्यावसायी श्री RABINA/ABISA JOINT VENTURE Koteshwor-32, Kathmandu (610823521) सँग रु, ५,४१,४९,५८०.९५ (भ्याट तथा पिस समेत) मा सम्झौता भई आयोजना कार्यान्वयन प्रकृया अगाडी बढेको सन्दर्भमा गाउँपालिका द्वारा जारी अन्तिम स्विकृत भेरिएशन आदेश बमोजिम सम्झौताको कुल अंक रकम रु. ५,११,०२,०८३.६२ कायम भएको र विभिन्न मितिमा म्याद थप भई अन्तिम पटक मिति २०८१/०५/१६ मा प्राविधिक नाप जाँच, मिति २०८१/०६/०९ मा अनुगमन समितिको प्रतिवेदन तथा मिति २०८१/०६/२० को प्रमाणित कार्यसम्पादन प्रतिवेदन तथा मूल्यांकन बमोजिम सम्पन्न भइसकेको योजनाको प्राविधिक मूल्यांकन बमोजिमको रकम निर्माण व्यावसायीलाई अन्तिम भुक्तानी स्वरुप उपलब्ध गराउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ७: कार्यसूची नं ७ को सन्दर्भमा गाउँपालिकाका उपाध्यक्ष एवं सभा सदस्य श्री भुवन सिं गुरुङवाट आ.व २०८१/०८२ को वार्षिक कार्यक्रम तथा वजेट उपर संशोधन , रकमान्तर तथा स्रोतान्तर सम्बन्धमा सभा समक्ष छलफल भई अनुसूची ३ बमोजिम कार्यक्रम तथा वजेट उपर संशोधन रकमान्तर,स्रोतान्तरण तथा थपघट गरर्न सर्वसम्मतले सभावाट परित गर्ने निर्णय गरियो ।( अनुसूची- ३)

निर्णय नं ८: कार्यसूची नं ८ को सन्दर्भमा यस देवघाट गाउँपालिकाको चालू आ.व.को न्यायिक समितिको प्रगति प्रतिवेदन न्यायिक समितिका संयोजक एवं गाउँपालिकाका उपाध्यक्ष श्री भुवन सिं गुरुङ ज्यूद्धारा सभा समक्ष प्रस्तुतीकरण गर्नुभएकोमा उक्त प्रतिवेदन सभाद्धारा सर्वसम्मतले पारित गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।( अनुसूची- ४)

निर्णय नं ९: कार्यसूची नं ९ को सन्दर्भमा यस देवघाट गाउँपालिकाको चालू आ.व.२०८१/०८२ को सार्वजनिक लेखा समितिको प्रतिवेदन लेखा समितिका संयोजक श्री याम वहादुर मगर ( देवघाट- ५ )ज्यूद्धारा सभा समक्ष जानकारी गराउनु भयो ।

निर्णय नं १०: कार्यसूची नं १० का सन्दर्भमा यस देवघाट गाउँपालिका गाउँसभाको १५ औं अधिवेशन सभाध्यक्ष ज्यू द्वारा अन्त्य भएको जानकारी गराउदै अधिवेशन समाप्त गरियो ।

तिल वहादुर थापा
अध्यक्ष